# बन्दीपुर गाउँपालिका

## बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :०८ संख्या :०३ मिति :२०८१/०५/११

भाग २

## बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

# “बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०८१”

## “बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०८१”

**<u>प्रस्तावना</u>** :- बन्दीपुर गाउँपालिका भित्र खेति योग्य जमिनहरूको सही उपयोग गरि बन्दीपुर गाउँपालिको समग्र कृषि विकासका साथै प्राविधिहरूको प्रयोग र विस्तार गरि निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषिमा परिवर्तन गरि स्थानीय सरकार सञ्चालन ऐन अनुसार तोकिएका सुबिधा सुनिश्चित गर्न तथा  उत्पादनको क्षेत्र विस्तार गारि कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउनको लागि बन्दीपुर गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन २०७८” को दफा ६७ ले दिएको अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरको छ ।

### परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१)यस कार्यविधिको नाम “बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत कार्यविधि २०८०“ रहने छ ।

(२) यो कार्यविधि बन्दीपुर गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

क) “कार्यालय/गाउँपालिका” भन्नाले बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

ख) “बन्दीपुर गाउँपालिकाको वार्षिक कार्यक्रम” भन्नाले बन्दीपुर गाउँपालिकाको १३ औ गाउँ सभाबाट पारित भएका कृषि तर्फका कार्यक्रम सम्झनु पर्नेछ ।

ग) “शाखा” भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

घ) “कार्यविधि” भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास कार्यक्रमको  कार्यविधि बन्दीपुर गाउँपालिका कृषि विकास कार्यक्रमको एकिकृत २०८०” सम्झनु पर्नेछ ।

ङ) “आवेदक” भन्नाले बन्दीपुर गाउँपालिकाको वार्षिक कार्यक्रम सम्बन्धी सञ्चालन गर्न आवेदन दिएका कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी तथा जल उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

च) “प्राविधिक” भन्नाले बन्दीपुर गाउँपालिकाको कृषि विकास शाखा अन्तर्गत कार्यरत कर्माचारी सम्झनु पर्नेछ ।

छ) “वडाहरु” भन्नाले बन्दीपुर गाउँपालिका ६ वटै वडा सम्झनु पर्दछ ।

ज) “प्रमुख” भन्नाले बन्दीपुर गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

झ) “उप-प्रमुख” भन्नाले बन्दीपुर गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

ञ) “अनुगमन समिति” भन्नाले बन्दीपुर गाउँपालिकाको गठित अनुगमन समिति सम्झनु पर्दछ ।

ट) “कार्यपालिका” भन्नाले बन्दीपुर गाउँपालिकाको कार्यपालिका सम्झनु पार्दछ ।

## परिच्छेद-२

३.**<u>कार्यक्रमहरू :</u>** बन्दिपुर गाउँपालिका कृषि विकास शाखाबाट देहाय बमोजिमको कार्यक्रमहरु सञ्चालन हुनेछ ।

१. ५०% अनुदानमा चैते धानको बिउ वितरण
२. ५०% अनुदानमा मुसुरो खेती विस्तार कार्यक्रम
३. ५०% अनुदानमा मौरी पालनका लागि क्षेत्र पहिचान तथा विस्तार कार्यक्रम
४. ५०% अनुदानमा व्यवसायिक फलफुल खेति कार्यक्रम
५. ५०% अनुदानमा बर्षे धानको बिउ वितरण
६. च्याउ खेति प्रविधि सम्बन्धि तालिम तथा सामग्री वितरण
७. जैविक विषादी (झोल मल ) निर्माण सम्बन्धी तालिम
८. तोरी खेति प्रवर्द्धनका लागि ५०% अनुदानमा तोरीको बिउ वितरण
९. नमुना पुष्प खेति प्रवर्द्धन कार्यक्रम
१०. बेमौसमी तरकारी खेति सम्बन्धी तालिम तथा सामग्री वितरण
११. सबै वडामा माटो परिक्षण शिविर संचालन कार्यक्रम
१२. आकस्मिक प्रकोप व्यवस्थापन
१३. ५०% अनुदानमा आधूनिक कृषि मेसिनरी वितरण
१४. साना सिचाई कार्यक्रम
१५. ५०% अनुदानमा प्लाष्टिक टनेल वितरण

## परिच्छेद-३

४. **<u>कार्यक्रम सञ्चालन गर्ने शाखा</u>** : यो कार्यक्रम बन्दीपुर गाउँपालिका कृषि विकास शाखाबाट सञ्चालन हुनेछ ।

**५. <u>विभिन्न कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया</u> :**

**१. ५०% अनुदानमा चैते धानको विउ वितरण कार्यक्रम**

क) कम्तीमा ७ दिनको सार्वजानिक सूचना प्रकाशन गरि बन्दीपुर गाउँपालिका भित्र विउ विजन वृद्धि गर्न कृषक/कृषि फर्म/कृषक समूह/सहकारीलाई मागका आधारमा ५०% अनुदानमा उन्नत जातका चैते धानको बीउ प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ।

ख) कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ।

ग) धानको बिउ वितरणका लागि कृषक छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गरि आवेदन अनुसूची ३ अनुसारको निवेदन माग गरि लागत अनुमान तयार गरिनेछ । आवेदन संकलन कार्य वडा वा कृषि विकास शाखाबाट हुनेछ ।

घ) आवेदन पेश गरेका कृषकहरुलाई कृषि विकास शाखा वा बन्दिपुर गाउँपालकाको आर्थिक विकास समिति मार्फत अनुसूची २ को आधारमा मुल्याङ्कण गरी छनौटका लागि कार्यपालिका समक्ष पेश गर्ने छ ।

ङ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

च) धानको बिउ वितरण अगावै सहभागिताको ५० %र बिउ बुझेको भरपाई कृषि विकास शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

## २. ५० % अनुदानमा मुसुरो खेती विस्तार कार्यक्रम

छ) बन्दीपुर गाउँपालिका भित्र मुसुरो खेती विस्तार गर्न ईच्छुक कृषक समुह सहकारीलाई मागका आधारमा उपयक्त स्थान छनौट गरी भौगोलिक परिवेशका आधारमा सुहाउको ५०% अनुदानमा उन्नत जातका मुसुरोको बीउ प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ।

ज) मुसुरो खेती विस्तार कार्रक्रममा भाग लिन ईच्छुक अनुदानग्रहीले कम्तीमा १०० रोपनीमा क्षेत्र विस्तार गरी उत्पादन गर्नु पर्नेछ ।

झ) कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ।

ञ) मुसुरोको बिउ वितरणका लागि आवेदन छनौट गर्न ७ दिन सम्म सार्वजनिक सूचना प्रकाशन गारि प्रस्ताव अनुसूची ३ अनुसारको निवेदन माग गरी लागत अनुमान तयार गरिनेछ ।

ट) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

ठ) लागत साझेदारी बमोजिमको ५०% रकम लागत अनुमान तयारी पश्चात बन्दिपुर गाउँपालिको आन्तरिक अनुदान खाता नं. १४६४१५००२६९१२००४ जम्मा गर्नुपर्ने छ।

## ३. ५०% अनुदानमा मौरी पालनका लागि क्षेत्र पहिचान तथा विस्तार कार्यक्रम

बन्दिपुर गाउँपालिका भित्रका चरन क्षेत्रलाई मध्यनजर गरी मौरी पालन व्यावसाय लाई विस्तार गर्दै कृषकहरुको आयआर्जन बढाउने र कृषि पर्यावरणलाई दिगो बनाउने, मौरी तथा मौरी जन्य उत्पादनमा बन्दिपुर गाउँपालिकालाई क्रमश आत्मनिर्भर बनाउदै जाने उद्धेश्यका साथ यो कार्यक्रम सञ्चालन गरिने छ ।

क) बन्दिपुर गाउँपालिका भित्रका गर्न मौरीपालन व्यवसाय गर्न ईच्छुक कृषक समुह कृषि सहकारीलाई आवेदन संकलनको लागि १५ सार्वजनिक सूचना प्रकाशन गरि अनुसूची ३ अनुसारको निवेदन माग गर्ने छ ।

ख) मौरी पालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयमा दक्षता प्राप्त कृषक/कृषक समुह/कृषि सहकारीलाई प्रथमिक्ता दई अनुदानग्रही छनौट गर्दा अनुसूची २ को आधारमा मुल्याङ्कन गरि विषयगत समिति वा आर्थिक विकास समिति मार्फत गर्न सकिने छ ।

ग) मौरी पालन कार्यक्रम गर्दा पकेटको अवधारणा बनाई सञ्चालन गरिने छ ।

घ) कम्तिमा ३० वटा गोला सहितको मौरी एक्लै वा समुहगत रुपमा क्लष्टरको रुपमा विकास हुने स्थानलाई प्राथमिक्ता दिईने छ ।

ङ) मौरी पालन क्षेत्रमा गोला सहितको घार/खाली घार, स्टयाण्ड,महदानी र अन्य मौरीपालनका लागि आवश्यक सामग्री मागका आधारमा अनुसूची ४ बमोजिम ५०% अनुदानमा वितरण गरिने छ।

च) मौरी पालन कार्यक्रम सञ्चालन हुने स्थानमा ३ दिनको मौरी पालन समबन्धी तालिम सञ्चालन गर्न जम्मा बजेटको ३५% सम्म खर्च सकिनेछ ।

छ) चरण क्षेत्र व्यवस्थापनको लागि ५०% अनुदानमा तोरीको विउ वितरण गर्न सकिनेछ।

ज) बजेट उपलब्धताको आधारमा सामग्री ढुवानीका लागी ५-१० % सम्म खर्च गर्न सकिने छ ।

## ४. ५०% अनुदानमा व्यवसायिक फलफुल खेति कार्यक्रम

क) बन्दीपुर गाउँपालिका भित्र मागमा आधारित उन्नत जातका आँप ,केरा ,लिची ,ड्रागन फ्रुट ,एभोकाडो लगायत अमिलाजातको फलफुल बिरुवाहरु इच्छुक कृषकलाई ५० % अनुदानमा प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

ख) फलफुल विरुवा वितरण गर्दा सम्भाव्यताको आधारमा स्थान छनौट गरि त्यस स्थानलाई पकेटको रुपमा विकास हुने गरी एउटा प्रकारको मात्र विरुवा वितरण गरिने छ ।

ग) फलफुल बिरुवा कृषि विकास शाखाले बाली पात्रो अनुसार वितरण कार्यक्रम तयार गारि स्वीकृतिका लागि कार्यपालिकामा वा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

घ) विरुवा वितरणका लागि कृषक छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गारि प्रस्ताव अनुसूची ३ अनुसारको निवेदन माग गारि लागत अनुमान तयार गरिनेछ । प्रस्ताब संकलन कार्य वडा वा कृषि विकास शाखाबाट हुनेछ ।

ङ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

च) वितरण पश्चात लागत सहभागिताको ५० % र बिरुवा बुझेको भरपाई कृषि विकास शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

## ५. ५०% अनुदानमा बर्षे धानको बिउ वितरण

क) बन्दीपुर गाउँपालिका भित्र विउ विजन वृद्धि गर्न कृषक/कृषि फर्म/कृषक समूह/सहकारीलाई मागका आधारमा ५०% अनुदानमा उन्नत जातका धानको बीउ प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ।

ख) कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ।

ग) धानको बिउ वितरणका लागि कृषक छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गारि प्रस्तावस अनुसूची ३ अनुसारको निवेदन माग गारि लागत अनुमान तयार गरिनेछ । प्रस्ताब संकलन कार्य वडा वा कृषि विकास शाखाबाट हुनेछ ।

घ) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

ङ) धानको बिउ वितरण अगावै  सहभागिताको ५० %र बिउ बुझेको भरपाई कृषि विकास शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

**६. च्याउ खेती प्रविधी समबन्धि तालिम तथा सामग्री वितरण**

उन्नत प्रविधिको प्रयोगबाट च्याउको खेती विस्तार तथा सुदृढीकरणद्वारा उत्पादन र उत्पादकत्त्व वृद्धी गर्न, गाउँपालिकाको उपयक्त हावापानीको उपभोग गर्दै च्याउ खेती मार्फत आयात प्रतिस्थापन गरी आत्मनिर्भर बनाउने, च्याउको उत्पादनमा नयाँ प्रविधि र उन्नत जातहरुको पहिचान गरी सम्भाव्यताको आधारमा विस्तार गर्न यो तालिम सञ्चालन गरिने छ ।

क) बन्दिपुर गाउँपालिका द्वारा ७ दिनको सार्वजानिक सूचना प्रकाशन गरी प्राप्त निवेदनहरुलाई उपयुक्तता बमोजिम अनुसूची २ का आधारमा मूल्याङकन गरि छनौट गरिनेछ तथा सम्बन्धित वडा कार्यलयलाई चिठी पठाई सिफारस भएका कृषकहरुलाई ३ दिन सम्म स्थलगत तालिम दिन सक्नेछ ।

ख) तालिममा बन्दिपुर गाउँपालिकाको सबै वडाबाट प्रतिनिधित्त्व हुने गरी बजेटको उपलब्धता अनुसार १५-२५(एक वडा बाट ४ जना सम्म) जना सम्म कृषकहरुलाई तालिम दिन सक्नेछ ।

ग) तालिम कार्यक्रमको लागि बनियोजित बजेटका आधारमा तालिम व्यावस्थापन खर्चमा ५० प्रतिशत र आवश्यक सामग्री वितरणमा ५० प्रतिशत सम्म खर्च गर्न सक्नेछ ।

घ) तालिम कायक्रम सञ्चालन गर्न सम्पुर्ण खर्च सहितको प्रस्तावना स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

ङ) च्याउ  खेतीका लागि आवश्यक सामग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ भने उपलब्ध बजेटका आधारमा सहभागीहरुलाई च्याउको विउ, परालको पोको बनाउन प्रयोग गरिने पोलिईथिन शत प्रतिशतमा र ५० % अनुदानमा मा कालो प्लाष्टिक वितरण गर्न सकिने छ।

च) तालिम व्यवस्थापनको खर्च  बन्दिपुर गाउँपालिकाको तालिम,गोष्ठी कार्यशाला,अध्ययन भ्रमण एंव पदाधिकारी तथा कर्मचारी सुविधा सम्वन्धी कार्यविधि, २०७६ बमोजिम गर्न सकिने छ ।

**७. जैविक विषादी(झोल मल) निर्माण सम्बन्धी तालिम**

झोलमल स्थानीय स्तरमा उपलब्ध हुने गोबर, पिसाब र वनस्पतिहरूको प्रयोग गरी सहजै रुपमा बनाउन सकिन्छ। झोलमलमा प्रयोग भएका सामग्रीमा बिरुवाका लागि आवश्यक युरिया, केटानाइन, फिनोल, कार्बोलिक एसिड, एमिनो एसिड, जिबेरेलिन, क्याल्सियम, म्यान्गानिज जस्ता पोषक तत्व पाइने र यी सामग्रीहरू फाइदाजनक सुक्ष्मजिव (ट्राइकोडर्मा, एस्परजिलस, भर्टिसिलियम आदि र व्याक्टेरिया जस्तै, स्युडो मोनास, ब्यासिलसको विभिन्न strain) का लागि उपयक्त आश्रयस्थल भएकाले यसले माटाको उर्वराशक्ति बढाउन र बालीको उत्पादन वद्धि गर्न साथै वातावरणीय मैत्री यो तालिम सञ्चालन गरिनेछ ।

क) बन्दिपुर गाउँपालिका द्वारा ७ दिनको सार्वजानिक सूचना प्रकाशन गरी प्राप्त निवेदनहरुलाई उपयुक्तता बमोजिम अनुसूची २ का आधारमा मूल्याङकन गरि छनौट गरिनेछ तथा सम्बन्धित वडा कार्यलयलाई चिठी पठाई सिफारस भएका कृषकहरुलाई २ दिन सम्म स्थलगत तालिम दिन सक्नेछ ।

ख) तालिम कन्ये च्याउ, पराले च्याउ तथा सम्भाव्यताको आधारमा अन्य च्याउ खेती प्रविधि सम्बन्धी दिन सक्नेछ ।

ग) तालिममा बन्दिपुर गाउँपालिकाको सबै वडाबाट प्रतिनिधित्त्व हुने गरी बजेटको उपलब्धता अनुसार १५-२५(एक वडा बाट ४ जना सम्म) जना कृषकहरुलाई तालिम दिन सक्नेछ ।

घ) तालिम कायक्रम सञ्चालन गर्न सम्पुर्ण खर्च सहितको प्रस्तावना स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

ङ) झोल मल निर्माणको लागि आवश्यक सामग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

## ८. तोरी खेती प्रवर्द्धनका लागी ५० % अनुदानमा तोरीको विउ वितरण कार्यक्रम

क) बन्दीपुर गाउँपालिका भित्र तोरी बाली प्रवर्द्धन गर्न ईच्छुक कृषक समुह सहकारीलाई मागका आधारमा उपयक्त स्थान छनौट गरी भौगोलिक परिवेशका आधारमा सुहाउको ५०% अनुदानमा उन्नत जातका तोरीको बीउ प्रदान गर्न यो कार्यक्रम संचालन गरिनेछ।

ख) अनुदानग्रही छनौट गर्दा अनुसूची २ को आधारमा मुल्याङ्कन गरि विषयगत समिति वा आर्थिक विकास समिति मार्फत गर्न सकिने छ ।

ग) तोरी खेती प्रवर्द्धन कार्रक्रममा भाग लिन ईच्छुक अनुदानग्रहीले कम्तीमा १०० रोपनीमा क्षेत्र विस्तार गर्नु पर्नेछ ।

घ) कृषि विकास शाखाले बाली पात्रो अनुसार उन्नत तथा मूल विउ वितरण कार्यक्रम तयार गरि स्वीकृतिका लागि कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ।

ङ) तोरीकोको बिउ वितरणका लागि आवेदन छनौट गर्न ७ दिनको सार्वजनिक सूचना प्रकाशन गारि प्रस्ताव अनुसूची ३ अनुसारको निवेदन माग गरि लागत अनुमान तयार गरिनेछ ।

च) सामग्री खरिद कार्य गाउँपालिकाको खरिद समितिबाट सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

छ) लागत साझेदारी बमोजिमको ५०% रकम लागत अनुमान तयारी पश्चात बन्दिपुर गाउँपालिको आन्तरिक अनुदान खाता नं. १४६४१५००२६९१२००४ जम्मा गर्नुपर्ने छ ।

## ९. नमुना पुष्प खेति प्रवर्द्धन कार्यक्रम

भौगोलिक पहिचान भएका पुष्प बिरुवाहरुको उत्पादन, प्रवर्द्धन तथा मुल्य अभिवृद्दि गर्न, पुष्प व्यवसायको विकास र विस्तार गरी स्थानीय स्तरमा पुष्प तथा पुष्पजन्य उत्पादनको उपलब्धता वृद्दि गर्न सहयोग गर्न यो कार्यक्रम सञ्चालन गरिने छ ।

क) कृषि विकास शखाले पुष्प व्यवसाय गर्न इस्चुक कृषक कृषि फर्महरुलाई , कृषि सहकारी , कृषक समूह , द १५िनको सूचना प्रकासन गरी निवेदन संकलन गर्नेछ ।

ख) निवेदन संकलन पश्चात कृषि विकास शाखाको मुल्यांकनको आधारमा छनौट हुनेछ ।

ग) अवश्यक न्यूनतम योग्यता पुगेको प्राप्त निवेदन मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरुलाई उपलब्ध बजेटको आधारमा अनुदान प्रदान गर्ने छनौट गरी बन्दीपुर गाउँपालिका सँग अनुसूची ५ अनुसार सम्झौता गरिनेछ ।

घ) **अनुदान उपलब्ध गराउने आधारहरु** पुष्प व्यवसाय सञ्चालन तथा विस्तारका लागि आवश्यक पर्ने माटो - ,आवश्यक औजार उपकरण ,बाली संरक्षणसँग सम्बन्धित सेवा ,नर्सरी स्थापना तथा विस्तार/फर्म ,व्यस्थापन माटो परिक्षण सेवा बिरुवा तथा बिउ वितरण।,

ङ) नर्सरीको हकमा डिजाइन र लागत इस्टिमेट कृषि इन्जिनियरबाट तयार गरउनु पर्नेछ नर्सरीको प्रयोग , पुष्प सम्बन्धित क्रियाकालापको लागि मात्र प्रयोग गर्नु पर्नेछ।

च) यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन आवश्यकता अनुसार कृषि इन्जिनियर र कृषि विकास शाखाले गर्नेछ ।

छ) लागत साझेदारी-

| क स. | अनुदानमा उपलब्ध गराउन सक्ने क्रियाकलापहरु | कार्यालयको साझेदारी | अनुदानग्राहीको साझेदारी |
|---|---|---|---|
| १ | प्राबिधिक सेवा | १००% | |
| २ | अवाश्यक औजार उपकरण | ५०% | ५०% |
| ३ | नर्सरी निर्माण | ७०% | ३०% |
| ४ | बिरुवा तथा बिउ | ७०% | ३०% |

## १०. बेमौसमी तरकारी खेती सम्बन्धी तालिम तथा सामग्री वितरण

प्रतिकुल मौसममा पनि ताजा तरकारी उत्पादन गर्नु लाई बेमौसमी तरकारी खेति भनिन्छ।भौगोलिक बनावट र हावापानी अनुसार तरकारीको उत्पादनमा वृद्धि गरी तरकारीको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न, तरकारीको खपत बढाई पोषण स्थितिमा सुधार गर्न र आम्दानीमा वृद्धि गराई गरिबी न्यूनीकरण गर्ने उद्यश्यले यो कार्यक्रम राखिएको हो ।

क) बन्दिपुर गाउँपालिका द्वारा ७ दिनको सार्वजानिक सूचना प्रकाशन गरी प्राप्त निवेदनहरुलाई उपयुक्तता बमोजिम अनुसूची २ का आधारमा मूल्याङकन गरि छनौट गरिनेछ तथा सम्बन्धित वडा कार्यलयलाई चिठी पठाई सिफारस भएका कृषकहरुलाई २ दिन सम्म स्थलगत तालिम दिन सक्नेछ ।

ख) तरकारी खेतीका लागि उपयुक्त स्थान पहिचान गरी बजेटको उपलब्धता अनुसार १५-२५ जना कृषकहरुलाई तालिम दिन सक्नेछ ।

ग) तालिम कार्यक्रमको लागि बनियोजित बजेटका आधारमा तालिम व्यावस्थापन खर्चमा ५० प्रतिशत र आवश्यक सामग्री वितरणमा ५० प्रतिशत सम्म खर्च गर्न सक्नेछ ।

घ) तालिम कायक्रम सञ्चालन गर्न सम्पुर्ण खर्च सहितको प्रस्तावना स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

ङ) बेमौसमी तरकारी खेतीका लागि आवश्यक सामग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

च) तालिम व्यवस्थापनको खर्च बन्दिपुर गाउँपालिकाको तालिम,गोष्ठी कार्यशाला,अध्ययन भ्रमण एंव पदाधिकारी तथा कर्मचारी सुविधा सम्वन्धी कार्यविधि, २०७६ बमोजिम गर्न सकिने छ ।

## ११. सबै वडामा माटो परिक्षण शिविर सञ्चालन कार्यक्रम

विभिन्न बालीवस्तुहरु लागउने माटोमा रहेका खाद्य तत्त्वहरु अम्लिए तथा क्षारियपना प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यक्ता अनुरुप खाद्यतत्व आपर्ति गर्न स्थलगत रुपमा कृषकको खेत बारीको माटो परिक्षण सेवा उपलब्ध गराउन आवश्यक देखी यो कार्यक्रम राखिएको हो ।

क) बन्दिपुर गाउँपालिकाले कृषि ज्ञान केन्द्र तथा माटो वा मल परिक्षण प्रयोगशाला, पोखरा बाट १ जना माटो सँग सम्बन्धित प्राविधिक/विज्ञलाई कार्यक्रम सहजिकरणको लागि बोलाउन सक्नेछ।

ख) माटो शिविर बन्दिपुर गाउँपलिका कृषि विकास शाखाले बजेट र आवश्यक्ता अनुसार गाउँपालिका भित्रका प्रत्यक वडाको एक निश्चित स्थान छनौट गरि सञ्चालन गर्न सक्ने छ ।

ग) माटो शिविर १ देखी २ दिन सम्म कम्तिमा ५०० ग्राम सुकेको माटो ५० देखी १०० वटा सम्म नमुना सङ्कलन गरि परिक्षण गर्नेछ

घ) माटो परिक्षण किटबक्सको सहायताले सडक सञ्जालको व्यवस्था भएको र नभएको स्थानमा सञ्चालन गर्ने छ ।

ङ) शिविर सञ्चालनको लागि आवश्यक सामग्री उपलब्ध बजेटका आधारमा प्रचलित नियामनुसार लागत अनुमान/प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृत गराई खरिद गर्न सक्ने छ ।

च) शिविर सञ्चालनको लागि आवश्यक व्यवस्थापन खर्च बन्दिपुर गाउँपालिकाको तालिम,गोष्ठी कार्यशाला,अध्ययन भ्रमण एंव पदाधिकारी तथा कर्मचारी सुविधा सम्वन्धी कार्यविधि, २०७६ बमोजिम गर्न सकिने छ ।

## १२. आकस्मिक प्रकोप व्यावस्थापन

क) वातावरणीय संवेदनशीलता, प्राकृतिक बिपत्ति तथा जलवायु परिवर्तनको प्रभावको दृष्टि कोणले नेपाल उच्च जोखिममा रहेको छ र जलवायु परिवर्तनका कारण खडेरी, बाढी ,पहिरो तथा प्रति कुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरुको सम्भावना बढ्दै जाने हुँदा यसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर पर्ने हुँदा प्रकोप व्यवस्थापनका लागि यो कार्यक्रम संचालन गरिनेछ ।

ख) विभिन्न प्रकोप व्यबस्थापन र न्युनिकिकरण लागि अभिमुखिरण, सन्तुलित खाध्यत्त्व व्यवस्थापनको लागि मल,रोग तथा किराको महामारी व्यवस्थापनको लागि विषादी साथै प्राविधिकको चेक जाँचका आधारमा कृषि चुन वितरण आदि कार्यक्रमहरु राख्न सकिनेछ ।

ग) विभिन्न प्रकोप व्यबस्थापन र न्युनिकीकरण लागि आवश्यक अनुसार कृषि विकास शाखाको प्राविधिक प्रतिवेदन अनुसार अनुसूची १ बमोजिमको समितिले कार्यपालिकाको बैठक सिफारिस गरिनेछ र बाँकी कार्यपालिकाको निर्णय अनुसार रकम समेत प्रदान गर्न सकिने छ ।

**१३. ५०% अनुदानमा आधुनिक कृषि मेसिनरी वितरण**

क) बन्दीपुर गाउँपालिकाको“ कृषि यान्त्रिकीकरण कार्यविधि २०७७ “ अनुसार संचालन गरिनेछ ।

**१४.साना सिंचाई कार्यक्रम**

बन्दीपुर गाउँपालिकाको “ सिंचाई कार्यक्रम संचालन कार्यविधि ,२०७७” अनुसार कार्यक्रम संचालन गरिनेछ।

## अनुसूची १

**<u>विषयगत समिति</u>**

कृषि क्षेत्रमा सहुलियत र अनुदान प्रदान गर्नको लागि देहाय बमोजिमको एक अनुदान सिफारिस सामिति गठन हुनेछ ।

क. आर्थिक विकास समितिको अध्यक्ष — संयोजक

ख. पशुपन्छी विकास शाखा प्रमुख — सदस्य

ग. गाउँपालिका अध्यक्ष तोकेको एक जना महिला सदस्य सहित दुई जना कार्यपालिका सदस्य — सदस्य

घ. गाउँपालिका अध्यक्ष तोकेको कृषि तथा पशुपन्छी व्यवसायीहरुको तर्फबाट एक जना महिला सहित दुई जना प्रतिनिधि — सदस्य

ङ. कृषि विकास शाखाको प्रमुख -सदस्य सचिव

## अनुसूची २

## परिच्छेद ३ को दफा ५ उपदफा ३(ख), ६(क), ७(क),८(ख)र १०(ख) सँग सम्बन्धित

मूल्याङ्कनको अधारहरु

| क.स. | मापदण्ड | पूर्णाङ्क |
|---|---|---|
| १. | व्यवसायिक कृषक | २० |
| २. | सम्बन्धित विषय सँग दुई वर्ष देखि संलग्न हुदै आएको | १० |
| | विगत २ वर्ष देखी सोही प्रकारको अनुदान नलिएको | १० |
| ३. | विपन्न दलित तथा महिला | १० |
| ४. | व्यसायिक योजाना सहित आउने कृषक | २० |
| ५. | सडक सञ्जाल तथा बजार पहुजको अवस्था | १० |
| ६. | बैदेशिक रोजगार बाट फर्केका युवाहरू | २० |
| जम्मा | | १०० (कम्तिमा ४० अंक प्राप्त गर्ने कृषकहरु अनुदान तथा तालिमका लागि योग्य मानिनेछ ।) |

## अनुसूची ३

**परिच्छेद ३ को दफा ५ उपदफा १(ग),२(घ), ३(क), ४(घ), ५(ग) र ८(ङ) सँग सम्बन्धित**

निवेदनको ढाँचा

मिति .....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बन्दीपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ

विषय :- ..............................कार्यक्रमको लागि आवेदन दर्ता गरिदिन हुन् ।

उपरोक्त सम्बन्धिमा यस बन्दीपुर गाउँपालिका कृषि विकास शाखाको लागि आ.व २०८१/८२ को लागि वार्षिक स्वीकृत ........................कार्यक्रम अनुसार गाउँपालिकाबाट मिति......................गतेका दिन प्रकाशित सुचना अनुसार बन्दीपुर गाउँपालिका वडा नं. ..... स्थित म.......................... को आवेदन दर्ता गरिदिन हुन् विनम्र अनुरोधका साथ आवश्यक कागजात यसै संलग्न राखी यो निवेदन पेश गर्दछु ।

<u>निवेदक</u>
नाम-
ठेगाना
फोन नं.
हस्ताक्षर

समूह/सहकारी/कृषि फर्म को नाम

संस्थाको छाप

## अनुसूची ४

## ५०% अनुदानमा मौरी पालनका लागि क्षेत्र पहिचान तथा विस्तार कार्यक्रम अन्तरगत मौरी घार अनुदानको लागि सम्झौता

बन्दिपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बन्दिपुर तनहुँ

बन्दिपुर गाउँपालिका कृषि विकास शाखाको आ.व २०८१/०८२ का लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदानमा मौरी पालनका लागि क्षेत्र पहिचान तथा विस्तार कार्यक्रम सञ्चालनको लागि बन्दिपुर गाउँपालिका कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र बन्दिपुर गाउँपलिका वडा नं. .......स्थित श्री ......................संस्था (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपशिलको शर्त पालना गर्ने कुरा मञ्जुर भई यो सम्झौता/सहमती गरिन्छ।

तपशिल

१. सम्झौता पत्रमा हस्ताक्षर गरको मिति देखी यो सम्झौता प्रारम्भ भएको मानिने छ ।
२. दोस्रो पक्षले सम्झौता बमोजिम काम गर गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकले दिएको निर्देशनलाई पालना गर्नु पर्नेछ ।
३. यो सम्झौतामा उल्लेखित काम गर्दा भैपि अउन सक्ने प्राकृतिक प्रकोप /भविष्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वंयम आफै हुनेछ ।
४. दोस्रो पक्षले पहिलो पक्षसँग सम्झौता गर्नु भन्दा अगाडी लागत साझेदारी अन्तरगतको ५०% रकम बन्दिपुर गाउँपालिको आन्तरिक अनुदान खाता नं. १४६४१५००२६९१२००४ जम्मा गरे पछिमात्र यो सम्झौता हुने छ ।
५. सम्झौता बमोजिम कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम हुने छ।
६. पहिलो पक्षबाट विपरित अनुदानका सामाग्रीहरु दोस्रो पक्षले दुरुपयोग गरेको पाईएमा सामग्री वापतको अनुदान रकम सहित जम्मा रकमको २० % समेत हसुल उपर गरि प्रचलित कानुन बमोजिम कारबाही गरिने छ ।
७. यो सम्झुतामा उल्लेख भएक विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित नियम बमोजिम लागु हुने छ ।

**प्रथम पक्षको तर्फ बाट**

नाम

पद : प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति :-

कार्यालयको छाप :-

**दोस्रो पक्षको तर्फ बाट**

नाम -:

पद -:

दस्तखत :-

मिति :-

<u>रोहबरसाक्षि /</u>

**प्रथम पक्षको तर्फ बाट**

नाम :-

पद : कृषि विकास शाखा प्रमुख

दस्तखत :

मिति :-

**दोस्रो पक्षको तर्फ बाट**

नाम -:

पद -:

दस्तखत :-

मिति :

**अनुसूची ५**

**परिच्छेद ३ को दफा ९(ग) सँग सम्बन्धित**

नमूना पुष्प खेति प्रवर्द्धन कार्यक्रम सञ्चलनको लागि समझौता

बन्दिपुर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बन्दिपुर तनहुँ

१. यो सम्झौता पत्र  बीच (दोस्रो पक्ष)………. र (प्रथम पक्ष)………नमूना पुष्प खेति प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको  दिन भित्र सम्पादन गर्नुपर्नेछ…………… ।

४. पुष्प फर्म  ,नर्सरी स्थापना तथा विस्तार भएपश्चात स्याहार/सञ्चालन जोखिम र दिगोपनका लागि , व्यवस्थापन, गरिने कार्यहरु तथा अप्रत्यशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

५. नर्सरीको हकमा उक्त डिजाइन र लागत  इस्तिमेट कृषि इन्जिनियरबाट तयार गरउनु पर्नेछ नर्सरीको प्रयोग पुष्प , सम्बंदित क्रियाकालापको लागि मात्र प्रयोग गर्नु पर्नेछ।

६. यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन आवश्यकता अनुसार कृषि इन्जिनियर र कृषि विकास शाखाले गर्नेछ ।

७. अनुदान उपलब्ध गराउने आधारहरु पुष्प व्यवसाय सञ्चालन तथा सञ्चान तथा विस्तारका लागि आवशयक पर्ने -/फर्म ,माटो व्यस्थापननर्सरी स्थापना तथा बिस्तार ,आवश्यक औजार उपकरण ,बाली संरक्षणसँग सम्बन्धित सेवा , बिरुवा तथा बिउ वितरण।, माटो परिक्षण सेवा

८. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्ने शिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षबाट लिनुपर्नेछ।

९. लागत साझेदारी यस प्रकार को हुनेछ -

| क स. | अनुदानमा उपलब्ध गराउन सक्ने क्रियाकलापहरु | कार्यालयको साझेदारी | अनुदानग्राहीको साझेदारी |
|---|---|---|---|
| १ | प्राबिधिक सेवा | १००% | |
| २ | अवाश्यक औजार उपकरण | ५०% | ५०% |
| ३ | नर्सरी निर्माण | ७०% | ३०% |
| ४ | बिरुवा तथा बिउ | ७०% | ३०% |

१०. सम्झौता अनुरुप काम नगर्ने अनुदान दुरूप्रयोग गरेकोमा अनुदानग्राहीलाई दश प्रतिशत जरिवाना सहित/ अनुदान रकम असुल उपर गरिनेछ ।

११. प्रथम पक्षका तर्फबाट कुनै समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमनमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ

आज्ञाले
यादवराज आचार्य
प्रमुखप्रशासकीय अधिकृत
२०८१/०५/११